260

राष्ट्रिय सूचना आयोग २०६४

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. २८४/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ..................................................१ पुनरावेदक

**विरूद्ध**

स्थानीय विकास अधिकारी (कार्यालय प्रमुख), जिल्ला विकास समितिको कार्यालय, ललितपुर ....१ विपक्षी
सूचना अधिकारी, जिल्ला विकास समितिको कार्यालय, ललितपुर .....................................१

**विषय :- सूचना उपलब्ध गराएकाले लगत कट्टा गर्ने ।**

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले जिल्ला विकास समितिको कार्यालय, ललितपुर समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१०।१८ मा पुनरावेदन गरेको । यस आयोगबाट मिति २०७१।१०।२२ मा हदम्याद नाघी दर्ता भएको कारणले उक्त पुनरावेदन तामेलीमा राखिएको । निज पुनरावेदकले पुनः मिति २०७१।११।१८ मा तामेलीमा राखेको आदेश बदर गरी पुन सूचना दिलाई पाउँ भनी उजुरी/निवेदन दर्ता गराएको देखिन्छ । तत्पश्चात यस आयोगबाट मिति २०७१।११।१९, च.नं. ६४३ को पत्रद्वारा सूचना उपलब्ध नगराउनुको कारण माग गरी पठाइएकोमा जिल्ला विकास समितिको कार्यालय, ललितपुरको मिति २०७१।१२।०३, च.नं.२१२४ को पत्र मार्फत यस आयोगलाई पुनरावेदकले माग गरेको सूचना माग भए अनुरुप नै मिति २०७१।११।१२, च.नं. २०३४ को पत्रबाट फ्रिडम फोरममा पठाइएको र जिल्लाका सबै सूचनाहरु जिल्ला विकास समितिको वेवसाइटमा पनि राखिएको भनी सूचनाको प्रतिलिपि समेत यस आयोगमा पठाइएको र पुनरावेदकले माग गरे वमोजिमको सूचना पाएकोले पुनरावेदनको लगत कट्टा गर्न निज पुनरावेदकले समेत अनुरोध गरेकाले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।